# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मितिः २०७६/०४/२१ गते

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

विषय :- आरोप-पत्र दायर गरिएको ।

-----------------------------------

सिंचाइ विकास डिभिजन कार्यालय, गौर, रौतहटका डिभिजन प्रमुख अजित श्रीवास्तवले आ.व २०७४/०७५ मा बाढीपीडित कार्यक्रम अन्तर्गत १६ वटा योजनाहरूमा कुनै पनि प्रकारको कामै नगरी फर्जी बिल बनाई करोडौंको भ्रष्टाचार गरेको हुँदा कारवाही गरिपाउँ भन्ने व्यहोरा को उजुरी सम्बन्धमा अनुसन्धान हुँदा सिंचाई विकास डिभिजन गौर, रौतहटका तत्कालीन डिभिजन प्रमुख अजित कुमार श्री वास्तव, तत्कालीन इन्जिनियर नविन कुमार यादव, तत्कालीन सवइन्जिनियर संजय साह र उपभोक्ता समितिका अध्यक्ष कलाम अक्तरसमेतको मिलेमतोमा नेपाल सरकारलाई गैरकानूनी हानी पु र्याई आफूहरूलाई गैरकानूनी लाभ पु र्याउनका लागि निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको कामको परिमाणको नापी चढाई झुट्टा बिल तयार गरी पेश गरी , पेश भएको झुठा बिल स्वीकृत गरेको र रु.३,७२,०५१।३२ को बढी रकम भुक्तानी गरी गराई निजहरू तत्कालीन डिभिजन प्रमुख अजित कुमार श्री वास्तव, तत्कालीन इन्जिनियर नविन कुमार यादव, तत्कालीन सवइन्जिनियर संजय साहले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र ( ङ) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजहरूलाई जनही विगो रु.३,७२,०५१।३२ कायम गरी विगो बमोजिमको जरिवाना र सो विगो असुलउपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) मा उल्लेख भएबमोजिम सजाय हुन मागदावी लिइएको ।

साथै गुजरा खोला सिंचाई आयोजना जलउपभोक्ता समितिका अध्यक्ष कलाम अक्तरले सिंचाई विकास डिभिजन कार्यालय गौर, रौतहटका तत्कालीन डिभिजन प्रमुख अजित कुमार श्री वास्तव, तत्कालीन इन्जिनियर नविन कुमार यादव, तत्कालीन सवइन्जिनियर संजय साहसमेतको मिलेमतोमा नेपाल सरकारसमक्ष गरेको कवुलियत तथा सम्झौता बमोजिमको शर्त पालना नगरी नेपाल सरकारलाई गैरकानूनी हानी पु र्याई आफूहरूलाई

व्यक्तिगत रूपमा गैरकानूनी लाभ पुर्या उनका लागि निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको कामको परिमाणको नापी गराई, झुट्टा बिल तयार गरी पेश गरी रु.३,७२,०५१।३२ को बढी रकम भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज कलाम अक्तरलाई रु.३,७२,०५१।३२ विगो कायम गरी विगो बमोजिमको जरिवाना गरी बिगोसमेत जफत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ( ४) मा उल्लेख भएबमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रदीपकुमार कोइराला<br>प्रवक्ता